# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७ ) काठमाडौं, असार ११ गते २०६४ साल ( संख्या ११

## भाग ५

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले मिति २०६४।२।२३ को निर्णयानुसार प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ३ को उपनियम (१) को खण्ड (क) बमोजिम प्रशासकीय अदालतको अध्यक्ष पदमा श्री काशीराज दाहाललाई नियुक्ति गरेको ।

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव

### नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, टेकू काठमाडौंको लागि Global Alliance for Vaccine & Immunologicals (GAVI) बाट वस्तुगत सहायता स्वरुप प्रदान गरिने अमेरिको डलर ६३,०९६.००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(त्रिसठ्ठी हजार छयानब्बे) मूल्य बराबरको Auto disable syringe आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्संग आबद्ध नेपाल राष्ट्रिय मण्डली संगति, ललितपुर नामको गैर सरकारी संस्थाको लागि Samaritan's Purse International Relief, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १४,४७२.०० (चौध हजार चारसय बहत्तर) मूल्य बराबरको शैक्षिक सामग्री तथा खेलौनाहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगको लागि डेनमार्क राजदूता वासबाट प्रदान गरिने ९ (नौ) थान Jialing Motorbike लाई निलो प्लेटबाट सेतो प्लेटमा परिणत गर्दा नियमानुसार लाग्ने सम्पूर्ण भन्सार महसुल, शुल्क तथा दस्तुर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगको लागि Department for International Development (DFID) Denmark बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ६०, ०७७.३६ (साठी हजार सतहत्तर, सेण्ट छत्तीस) मूल्य बराबरको ६ थान APC Smart-UPS VT र जापानी येन २,४५,७३,९७४.०० (दुई करोड पैंतालिस लाख त्रिहत्तर हजार नौ सय चौरहत्तर) मूल्य बराबरको Toyota Land Cruiser पांच थान तथा अन्य सामग्री आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर, अन्य.शुल्क, स्थानीय विकास शुल्क तथा विशेष शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी Tilganga Eye Center को लागि Himalayan Cataract Project, USA बाट सहयोग स्वरुप प्रदान गरिने भारतीय रुपैयाँ ३१,६५,०००.०० (एकतीस लाख पैसट्ठी हजार) मूल्य बराबरको अस्पतालको उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकर प्रयोग गरी मोरङ्ग जिल्ला स्थित नेपाल तमू बुद्धिष्ट गुम्बाको लागि Thailand बाट उपहार स्वरुप प्रदान गरिने THB २२,०००.०० (बाईस हजार) मूल्य बराबरको दुई धान बुद्धको मूर्ति आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पतालको लागि जर्मन स्थित Nepal Hilfe Tirol बाट उपहार स्वरुप प्रदान गरिने २०,०००.०० (बीस हजार) मूल्य बराबरको मेडिकल उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी भन्सार विभागको लागि अमेरिकी सहयोग (USAID) बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ७,८५५.०० (सात हजार आठ सय पचपन्न) मूल्य बराबरको तालिम सम्बन्धी उपकरण एवं सामग्री आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी B.P. Koirala Memorial Cancer Hospital भरतपुरका लागि China National Compete Plant Import-Export Shanghai Corporation बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १७,९४८.७२ (सत्र हजार नौ सय अठचालिस, सेण्ट बहत्तर) मूल्य बराबरको औषधिहरू र Varian Medical Systems, Germany बाट यूरो ९३१.८६ (नौ सय एकतीस, सेण्ट छयासी) मूल्य बराबरको Verisource ID Series Applicator Transfer उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६४।२।११ को निर्णयानुसार रू. ५।-, रू. २०।-, रू. ५०।- तथा रू. १००।- दरका नोटहरूमा सगरमाथाको चित्र प्रयोग गर्ने र नोटको पानी चित्रमा राष्ट्रिय फूल लाँलीगुराँस अङ्कित गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ अन्तर्गत समूह ११ को उपसमूह १८ ले दिएको अधिकार प्रयोग गरी Gautam Buddha Hydropower (P) Ltd अनामनगर काठमाडौंले सिस्ने खोला जलविद्युत आयोजनाका लागि यूरो २४,०७३.१२ (चौबीस हजार त्रिहत्तर, सेण्ट बाऱ्ह) मूल्य बराबरको विद्युतीय उपकरणको स्पेयर पार्ट्स एक सेट आयात गर्दा मूल्य अभिवृद्धिकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गा.हु.द.न. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।